# भूकम्प र त्यसका कारणहरू

(नेपाली)

लेखक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधक

मुहम्मद इदरीस सलफी

# الزلازل وأسبابها

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة:

محمد إدريس سلفي

IslamHouse.com

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधैं राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्।

ﮋﮊ

**सर्वाधिकार लेखकमा सुरक्षित छ ।**

ﮋﮊ

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

ﮋﮊ

**पुस्तक पाइने ठेगाना -:**

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गर्‍यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गर्‍यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन, यस्तो पूज्य जसको पूजा प्रत्येक हृदय प्रेम श्रद्धा र आदरको साथ गर्छ, र जसतर्फ समस्त प्राणीहरू आशान्वित र भयभीत भई शरण लिन्छन् । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवस पूजाबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समस्त मानवजातिका नायक थिए, र उहाँको निमन्त्रण समस्त सृष्टिको लागि दया र मार्गदर्शन थियो, र समस्त संसारको लागि शुभसमाचार हुनुको साथै समस्त शोषित र अपमानितहरूको लागि स्वतन्त्रता पनि थियो । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

तपाईलाई थाहै होला कि हाम्रो देश नेपाल विश्वका गरिब राष्ट्रहरू मध्ये एक हो, र जहाँ भूकम्पहरू आउँदै गर्छन् तर हालै अप्रिल २०१५ ई को अन्तिम सप्ताहमा आएको भयंकर भूकम्प यस विश्वमा कहिले काहिँ मात्र आउँछ जसद्वारा ज्यान मालको यति क्षति भयो जसको आँकलन नेपाल सरकारको लागि अति दुखदायी भयो । यस्तै अक्टुबर २०१५ को अन्तिम सप्ताहमा ८.५ पाकिस्तानमा र ७.३ को शक्तिशाली

भूकम्प नेपालमा आयो, र नेपालमा अप्रिल महिनादेखि पटक पटक भूकम्प आउँदै गरेको छ ।

भन्नको लागि त वैज्ञानिकहरू भूकम्पको कारण सागरमाथालाई ठान्दछन् जसबाट म केही हदसम्म मात्र सहमत छु र त्यसको प्रमुख कारणको बारेमा मेरो दृष्टिकोण वैज्ञानिकहरूको दृष्टिकोणबाट भिन्न छ । यसर्थ म यस लेखद्वारा दैवी विपदाहरू र खासगरी भूकम्पको बारेमा कुरआन र हदीसको प्रकाशमा केही स्पष्टीकरण गर्न खोजेको छु । तसर्थ मेरो समस्त प्रयास यस कुरामा केन्द्रित हुन्छ कि म यस शीर्षकसित संलग्न समस्त कुराहरूलाई कुरआन र हदीसको प्रकाशमा सिद्ध गर्न सकूँ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन् साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो लेखबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यबाट पवित्र गर्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

﴿ وَمَآ أَصَٰبَكُم مِّن مُّصِيبَةٍ فَبِمَا كَسَبَتۡ أَيۡدِيكُمۡ وَيَعۡفُواْ عَن كَثِيرٖ ٣٠ ﴾ الشورى: ٣٠

अर्थ : र जुन मुसिबत तिमीलाई पुग्दछ, त्यो तिम्रो आफ्नै हातको कमाइ नै हो र उसले धेरै (पापहरू) माफ गरिदिन्छ । ( सूरतुश्शूरा ३० )

﴿ ظَهَرَ ٱلۡفَسَادُ فِي ٱلۡبَرِّ وَٱلۡبَحۡرِ بِمَا كَسَبَتۡ أَيۡدِي ٱلنَّاسِ لِيُذِيقَهُم بَعۡضَ ٱلَّذِي عَمِلُواْ لَعَلَّهُمۡ يَرۡجِعُونَ ٤١ ﴾ الروم: ٤١

अर्थ : थल, र जलमा मानिसहरूका गलत क्रियाकलापले गर्दा दंगा फैलिसक्यो ताकि अल्लाहले उनीहरूलाई उनीहरूको करतूतहरूको केही स्वाद चखाओस् । कदाचित तिनीहरू नराम्रो कामबाट रोकिऊन् । ( सूरतुरूम ४१ )

अल्लाहले जबदेखि यस संसारलाई निर्माण गरेको छ यसमा बस्नेहरूमा प्रमुख दुई कुरा राखिदिएको छ सत्कर्म र कुकर्म । र दुवैलाई गर्नेवालाहरू पनि बनाएको छ र सदैंव सत्कर्मीहरूको सहायता गरिरहन्छ । र कुकर्मीहरूलाई उनीहरूको कुकर्ममाथि दण्डित पनि गर्दै आएको छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ فَكُلًّا أَخَذۡنَا بِذَنۢبِهِۦۖ فَمِنۡهُم مَّنۡ أَرۡسَلۡنَا عَلَيۡهِ حَاصِبٗا وَمِنۡهُم مَّنۡ أَخَذَتۡهُ ٱلصَّيۡحَةُ وَمِنۡهُم مَّنۡ خَسَفۡنَا بِهِ ٱلۡأَرۡضَ وَمِنۡهُم مَّنۡ أَغۡرَقۡنَاۚ وَمَا كَانَ ٱللَّهُ لِيَظۡلِمَهُمۡ وَلَٰكِن كَانُوٓاْ أَنفُسَهُمۡ يَظۡلِمُونَ ٤٠ ﴾ العنكبوت: ٤٠

अर्थ: अन्ततः हामीले सबैलाई उनीहरूको अपराधको अधिकताको कारण समातिहाल्यौं, अनि उनीहरू मध्ये केही (क़ौमेआद) माथि हामीले

ढुङ्गा बर्साउने वायु पठायौं, र केही यस्ता थिए (समूद) जसलाई भयङ्कर आवाजले आइसमात्यो र ती मध्ये केही (कारून) लाई हामीले धरतीमा पुरिदियौं र केही यस्ता थिए (फिरऔन) जसलाई हामीले डुबाई दियौं । अल्लाह यस्तो छैन की उनीहरूमाथि अत्याचार गरोस्, किन्तु उनीहरूले आफु स्वयं माथि नै अत्याचार गर्दथे । ( सूरतुल् अन्कबूत ४० )

र यो पृथ्वी जसमाथि हामी अआफ्ना जीवन व्यतीत गरिरहेका छौं त्यसलाई अल्लाहले अविष्कार गरेर हामी मानव र दानवहरूको लागि ओछ्यान बनाइदियो, र यसलाई हाम्रो बशीभूत पनि गरिदियो जसको पिठ्युँ हाम्रा जीवितहरूको लागि अआफ्ना जीविका प्राप्त गर्ने माध्यम हो अर्थात यसमा हिंडेर अआफ्ना जीविकाको खोज गर्दछौं, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ هُوَ ٱلَّذِى جَعَلَ لَكُمُ ٱلْأَرْضَ ذَلُولًا فَٱمْشُواْ فِى مَنَاكِبِهَا وَكُلُواْ مِن رِّزْقِهِۦ ۖ وَإِلَيْهِ ٱلنُّشُورُ ﴿١٥﴾ ﴾ الملك: ١٥

अर्थ : उही त हो जसले तिम्रो निम्ति धरतीलाई नरम र अधीनस्थ गऱ्यो । ताकि तिमीले उसका बाटाहरूमा हिंड्डुल गर्ने गर र अल्लाहद्धारा प्रदान गरिएको जीविका उपभोग गर, र तिमीले उसैको पासमा दोस्रोपटक जीवित भएर जानुपर्नेछ । ( सूरतुल् मुल्क १५ )

र हाम्रा मृतकहरूको लागि यसको पेट अर्थात तल्लो भागलाई बासस्थान वा विश्रामकक्ष बनाइदियो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ أَلَمْ نَجْعَلِ ٱلْأَرْضَ كِفَاتًا ﴿٢٥﴾ أَحْيَآءً وَأَمْوَٰتًا ﴿٢٦﴾ ﴾ المرسلات: ٢٥ - ٢٦

अर्थ : के हामीले धरतीलाई समेटिनेवाला बनाएनौं ? जीवितलाई र मृतहरूलाई पनि । ( सूरतुल् मुर्सलात २५,२६ )

र यसै पृथ्वीको माटोबाट अल्लाहले हामीलाई अविष्कार गरेको छ, र यसैबाट हाम्रो पुर्नावत्ति पनि गर्नेछ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ۞ مِنْهَا خَلَقْنَٰكُمْ وَفِيهَا نُعِيدُكُمْ وَمِنْهَا نُخْرِجُكُمْ تَارَةً أُخْرَىٰ ﴿٥٥﴾ ﴾ طه: ٥٥

अर्थ : यसै धरतीबाट हामीले तिम्रो सृष्टि गऱ्यौं र यसैमा तिमीलाई फेरि फर्काउने छौं र यसैबाट अर्कोपल्ट तिमीहरू सबैलाई निकाल्ने छौं । ( सूरतु ताहा ५५ )

र अल्लाहको हामीमाथि कृपा र दया नै हो कि जसले यस पृथ्वीमा त्यो सबै राख्यो जसको आवश्यकता समस्त प्राणीलाई पर्न सक्छ । र यसलाई यस्तो स्थिर गरिदियो कि हामीलाई हिंडनु सुसाध्य होस् । र यसमा पर्वतहरूलाई पिल्लरको रुपमा स्थापित गरिदियो ताकि नहल्लोस् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ أَلَمۡ نَجۡعَلِ ٱلۡأَرۡضَ مِهَٰدٗا ٦ وَٱلۡجِبَالَ أَوۡتَادٗا ٧ ﴾ النبأ: ٦ - ٧

अर्थ : के हामीले धरतीलाई ओछ्यान बनाएनौं ? र पहाडहरूलाई मेख खम्बा ? ( सूरतुन्नबा ६,७ )

﴿ وَأَلۡقَىٰ فِي ٱلۡأَرۡضِ رَوَٰسِيَ أَن تَمِيدَ بِكُمۡ وَأَنۡهَٰرٗا وَسُبُلٗا لَّعَلَّكُمۡ تَهۡتَدُونَ ١٥ ﴾ النحل: ١٥

अर्थ : र उसैले धर्तीमा पहाडहरू उभ्याइदियो जसबाट तिमीलाई लिएर नहल्लीयोस् र नहरहरू र बाटोहरू बनायो ताकि एक ठाउँबाट अर्को ठाँउसम्म जान सक । ( सूरतुन्नहल १५ )

तर कहिलेकाहिँ यो पृथ्वी पनि कम्पित हुन्छ, र यस्तो तरिकाले कम्पित हुन्छ कि जस्तो यसको परम् पूज्य र महान अविष्कारी अल्लाहको आदेश हुन्छ । अनि यस्तो भूकम्प आउँछ कि एक क्षणमा कल्पना नगर्न सक्ने क्षति भइहाल्छ कि कतिपय शवलाई फेला पार्नु पनि गाह्रो भइहाल्छ, र आर्थिक क्षति कति हुन्छ त्यसको त कुरै नगर्नुस् । मात्र एक छिनमा करोडपति र अरब खरबपति रोडपति भइहाल्छन् । र ठूला ठूला भवन र स्मारकहरू ध्वस्त भइहाल्छन् । र कतिपय ठाउँमा पृथ्वी च्यातिन्छ अनि कतिपय नगरहरू यस्ता भइहाल्छन् मानो ती नगरहरू यस पृथ्वीमाथि अवस्थित नै थिएनन् ।

अप्रिल २०१५ ई. को अन्तिम सप्ताहमा हाम्रो देश नेपालमा जुन भूकम्प आएको छ त्यो पनि यसै श्रृंखलाको एक कडी हो जसमा हजारौं

मान्छेहरूको ज्यान गयो, अरबौं खरबौको क्षति भयो, र जुन भयत्रास मान्छेहरूको हृदयमा जागृत भयो त्यसको कुरै नगर्नुस् ।

तर विचार गर्ने योग्य कुरा छ कि के यो कुनै नौलो कुरो हो वा युगौं युगौंदेखि चलि आएको परम्परा हो ? र यसको कारण के हो ?

विगतमा इतिहासलाई हेर्दाखेरि र त्यसको अध्ययन गर्दाखेरि हामीलाई यो स्पष्टीकरण मिल्दछ कि भूकम्प आउनु कुनै नौलो र विचित्र एवं अचम्भित कुरो होइन, बरु यस्ता भूकम्पहरू युगौं युगौंदेखि आउँदै गरेका छन्, र विगतका समूहहरूमाथि उनीहरूको कुकर्मको कारण नानाथरीका दैवी सजायहरू आउँदै गरेका छन् । त कसैमाथि हुरी बतासको प्रकोप अवतरित भयो त कसैमाथि चित्कारको त कसैमाथि ढुँगा अवतरित भयो त कसैलाई भूकम्पले आइसमात्यो । अल्लाहको फर्मान छ :

﴿ فَعَقَرُوا۟ ٱلنَّاقَةَ وَعَتَوۡا۟ عَنۡ أَمۡرِ رَبِّهِمۡ وَقَالُوا۟ يَٰصَٰلِحُ ٱئۡتِنَا بِمَا تَعِدُنَآ إِن كُنتَ مِنَ ٱلۡمُرۡسَلِينَ ۝٧٧ فَأَخَذَتۡهُمُ ٱلرَّجۡفَةُ فَأَصۡبَحُوا۟ فِي دَارِهِمۡ جَٰثِمِينَ ۝٧٨ ﴾ الأعراف: ٧٧ - ٧٨

अर्थ : अनन्तः तिनीहरूले त्यस ऊँटनीलाई घुँड़ा काटेर मारि दिए । र आफ्नो पालनकर्ताको आदेश पूर्ण रूपमा उल्लंघन गरे र "सालेहसँग" भने कि, जुन कुराबाट तिमीले हामीलाई डराउँदथ्यौ यदि तिमी अल्लाहको संदेशवाहक हौ भने त्यो हामीमाथि ल्याऊ ।" अनि तिनलाई भूकम्पले आइसमात्यो र तिनीहरू आफ्ना घरहरूमा लम्पसार परिरहे । ( सूरतुल् अअ्राफ ७७,७८ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَكَمۡ أَهۡلَكۡنَا مِن قَرۡيَةِۭ بَطِرَتۡ مَعِيشَتَهَاۖ فَتِلۡكَ مَسَٰكِنُهُمۡ لَمۡ تُسۡكَن مِّنۢ بَعۡدِهِمۡ إِلَّا قَلِيلٗاۖ وَكُنَّا نَحۡنُ ٱلۡوَٰرِثِينَ ۝٥٨ وَمَا كَانَ رَبُّكَ

مُهْلِكَ ٱلْقُرَىٰ حَتَّىٰ يَبْعَثَ فِىٓ أُمِّهَا رَسُولًا يَتْلُوا۟ عَلَيْهِمْ ءَايَٰتِنَا ۚ وَمَا كُنَّا

مُهْلِكِى ٱلْقُرَىٰٓ إِلَّا وَأَهْلُهَا ظَٰلِمُونَ ﴿٥٩﴾ ﴾ القصص: ٥٨ - ٥٩

अर्थ : र हामीले धेरै त्यस्ता बस्तीहरूलाई नष्ट गरिहाल्यौं, जसले आफ्नो मौज मस्तीमा घमण्ड गर्न लागेका थिए । यी तिनीहरूका बस्ने घर हुन् जो उनी पश्चात् अति थोरै आबाद हुनसके र अन्ततः हामी नै हौं सबैको स्वामी । र तपाईको पालनकर्ताले कुनै बस्तीलाई नष्ट गर्दैन जबसम्मकि उनको कुनै ठूलो बस्तीमा कुनै संदेष्टा नपठाइहालोस्, जसले उनीहरूलाई हाम्रा आयतहरू पढेर सुनाओस् र हामीले बस्तीहरूलाई त्यसै बेला नष्ट गर्दछौं, जबकि त्यहाँका बासिन्दाहरू अत्याचारी नै भइहालुन् । ( सूरतुल् कसस ५८,५९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ فَكُلًّا أَخَذْنَا بِذَنۢبِهِۦ ۖ فَمِنْهُم مَّنْ أَرْسَلْنَا عَلَيْهِ حَاصِبًا وَمِنْهُم مَّنْ

أَخَذَتْهُ ٱلصَّيْحَةُ وَمِنْهُم مَّنْ خَسَفْنَا بِهِ ٱلْأَرْضَ وَمِنْهُم مَّنْ أَغْرَقْنَا ۚ

وَمَا كَانَ ٱللَّهُ لِيَظْلِمَهُمْ وَلَٰكِن كَانُوٓا۟ أَنفُسَهُمْ يَظْلِمُونَ ﴿٤٠﴾

﴾ العنكبوت: ٤٠

अर्थ : अन्ततः हामीले सबैलाई उनीहरूको अपराधको अधिकताको कारण समातिहाल्यौं, अनि उनीहरू मध्ये केही (क़ौमेआद) माथि हामीले ढुङ्गा बर्साउने वायु पठायौं, र केही यस्ता थिए (समूद) जसलाई भयङ्कर आवाजले आइसमात्यो र ती मध्ये केही (कारून) लाई हामीले धरतीमा पुरिदियौं र केही यस्ता थिए (फिरऔन) जसलाई हामीले डुबाई दियौं । अल्लाह यस्तो होइन कि उनीहरूमाथि अत्याचार गरोस्, किन्तु उनीहरूले आफु स्वयं माथि नै अत्याचार गर्दथे । ( सूरतुल् अन्कबूत ४० )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ءَأَمِنتُم مَّن فِي ٱلسَّمَآءِ أَن يَخۡسِفَ بِكُمُ ٱلۡأَرۡضَ فَإِذَا هِيَ تَمُورُ ١٦ أَمۡ أَمِنتُم مَّن فِي ٱلسَّمَآءِ أَن يُرۡسِلَ عَلَيۡكُمۡ حَاصِبٗاۖ فَسَتَعۡلَمُونَ كَيۡفَ نَذِيرِ ١٧ ﴾

الملك: ١٦ - ١٧

अर्थ : के तिमी यस कुराबाट निश्चिन्त छौ कि आकाशवालाले तिमीलाई धरतीमा गाडिदेओस् अनि त्यसबेला पृथ्वीमा कम्पन हुनथालोस् । वा के तिमी यस कुराबाट निश्चिन्त छौ कि आकाशवालाले तिमीमाथि पथरको वर्षा गरिदेओस् ? अनि तिमीलाई थाहा भइहाल्नेछ कि मेरो चेतावनी कस्तो थियो । ( सूरतुल् मुल्क १६,१७ )

चीनमा सन् १५५६ ई. मा अल्लाहको प्रकोप भूकम्पको रूपमा आयो जसमा ८ लाख मान्छे ज्यान गुमाए र खरबौंको क्षति भयो । (अल् रियाज पत्रिका प्रकाशन मितिः ८/५/१४२० हिज्री )

र यो भनिन्छ कि यो भूकम्प एतिहासको ठूलो भूकम्पहरू मध्ये एक हो ।

### र बिसौं शताब्दीमा आएका केही प्रमुख भुकम्पहरूको विवरण यस प्रकार छ :

- सन् १९०६ ई. मा अमेरिकामा एउटा तीव्र भूकम्प आयो जसको समयावधि लगभग एक मिनेटको थियो, र जसमा ३००० मान्छे ज्यान गुमाए ।
- सन् १९२३ ई. मा जापानमा एउटा भूकम्प आयो जसमा लगभग एक लाख ४२ हज्जार मान्छे ज्यान गुमाए ।
- सन् १९३१ ई. मा बिलायतमा ५,५ रेक्टर गति भएको भूकम्प आयो जसमा धेरै मान्छे ज्यान गुमाएनन् तर आर्थित क्षति भएको थियो ।
- सन् १९४८ ई. मा जापानमा र चीनमा एउटा भूकम्प आयो जसमा लगभग ३७७० मान्छेहरू ज्यान गुमाए ।
- सन् १९५० ई. मा जजायरमा एउटा भूकम्प आयो जसमा लगभग १६५७ मान्छेहरू ज्यान गुमाए ।

- सन् १९५४ ई. मा भारतको आसाम राजयमा ९,५ रेक्टर गति भएको एउटा तीव्र भूकम्प आयो जसमा एउटा नगर पूर्णतया संसारको नकशाबाट लुप्त भयो र हज्जारौं मान्छेहरू ज्यान गुमाए ।
- सन् १९७६ ई. मा चीनमा एउटा भूकम्प आयो जसमा लगभग ५ लाख मान्छेहरू ज्यान गुमाए ।
- सन् १९८० ई. मा एट्लीमा एउटा भूकम्प आयो जसमा हजारौं मान्छेहरू ज्यान गुमाए ।
- सन् १९८० ई. मा जजायरमा दुई पटक भूकम्प आयो जसको गति ७,३ र ६,३ रेक्टर थियो, जसमा एउटा पूर्ण नगर विनष्ट भयो र लगभग ३ हज्जार मान्छेहरू ज्यान गुमाए ।
- सन् १९८५ ई. मा मेक्सीकोको राजधानीमा एउटा भूकम्प आयो जसमा लगभग १० हज्जार मान्छेहरू ज्यान गुमाए ।
- सन् १९८९ ई. मा केलिफुर्नियामा एउटा भूकम्प आयो जसमा लगभग ६८ मान्छेहरू ज्यान गुमाए ।
- सन् १९९० ई. मा ईरानमा एउटा भूकम्प आयो जसमा लगभग ४० हज्जार मान्छेहरू ज्यान गुमाए ।
- सन् १९९२ ई. मा मिश्रको काहेरा नगरमा ५,८ रेक्टर गति भएको एउटा भूकम्प आयो जसमा लगभग ३७० मान्छेहरू ज्यान गुमाए ।
- सन् १९९३ ई. को सितम्बर महिनामा भारतमा एउटा भूकम्प आयो जसमा लगभग २० हज्जार मान्छेहरू ज्यान गुमाए ।
- सन् १९९४ ई. को जुन महिनामा कोलम्बुमा एउटा भूकम्प आयो जसमा लगभग एक हज्जार मान्छेहरू ज्यान गुमाए ।
- सन् १९९५ ई.को जनवरी महिनामा जापानमा एउटा भूकम्प आयो जसमा लगभग ६४३० मान्छेहरू ज्यान गुमाए ।
- सन् १९९५ ई.को नवम्बर महिनामा मिस्र, उर्दुन, सउदी, र इस्राइलमा एउटा भूकम्प आएको थियो ।

□ सन् १९९५ ई. को मई महिनामा ७,५ गतिको रशियामा एउटा भूकम्प आयो जसमा लगभग १९८९ मान्छेहरू ज्यान गुमाए।

□ सन् १९९७ ई.को फरवरी महिनामा ईरानमा ५,५ गति भएको एउटा भूकम्प आयो जसमा लगभग एक हज्जार मान्छेहरू ज्यान गुमाए । र तीन महिना पछि दोस्रो पटक पनि एउटा भूकम्प आयो जसमा १५०० मान्छेहरू ज्यान गुमाए ।

□ सन् १९९८ ई. को मई महिनामा अफगानिस्तानमा एउटा भूकम्प आयो जसमा लगभग ४००० मान्छेहरू ज्यान गुमाए।

□ सन् १९९८ ई. को जुन महिनामा तुर्कीयामा एउटा भूकम्प आयो जसमा लगभग १४४ मान्छेहरू ज्यान गुमाए ।

□ सन् १९९८ ई. को जुलाई महिनामा गीनीयामा एउटा भूकम्प आयो जसमा लगभग १००० मान्छेहरू ज्यान गुमाए ।

□ सन् १९९९ ई. को जनवरी महिनामा अरमीनीयामा एउटा भूकम्प आयो जसमा लगभग १०० मान्छेहरू ज्यान गुमाए ।

□ सन् १९९९ ई. को मार्च महिनामा भारतमा एउटा भूकम्प आयो जसमा लगभग १०० मान्छेहरू ज्यान गुमाए ।

□ सन् १९९९ ई. को अगस्त महिनामा ६,८ रेक्टर गति भएको एउटा भूकम्प तुर्कीयामा आयो जसमा लगभग १०००० मान्छेहरूलाई हानि बेहोर्नु पऱ्यो ।

□ सन् १९९९ ई. को सितम्बर महिनामा युनानमा ५,९ रेक्टर गतिको एउटा भूकम्प आयो जसमा लगभग ४९ मान्छेहरू ज्यान गुमाए ।

□ सन् १९९९ ई. को सितम्बर महिनामा ताइवानमा ७,६ रेक्टर गतिको एउटा भूकम्प आयो जसमा लगभग १५०० मान्छेहरू ज्यान गुमाए ।

□ सन् १९९९ ई. को नवम्बर महिनामा तुर्कीयामा ७ रेक्टर गतिको एउटा भूकम्प आयो जसमा लगभग ४५० मान्छेहरू ज्यान गुमाए ।

□ सन् १९९९ ई. को दिसम्बर महिनामा तुर्कीयामा ५,८ रेक्टर गतिको एउटा भूकम्प आयो जसमा अरबौंको आर्थिक क्षति भयो । (अल् इस्लाम अल्यौम वेबसाइट )

र २००४ ई. मा विश्व प्रसिद्ध सुनामी आउने कारण पनि महासागरमा आउने भूकम्प नै हो, रेजा अहमद थायलेन्दी भन्नुहुन्छ कि दिसम्बर २००४मा इन्डोनेसियाको सुमत्तरा आइलेण्ड निकट महासागर मुनि भयंकर भूकम्प आएकोमा विश्व प्रसिद्ध सुनामी आएको हो जसमा कतिपय नगरहरू यस्ता भइहाले मानो यस धर्तीमा अवस्थित नै थिएनन् । र यस सुनामीमा सबैभन्दा अधिक क्षति इन्डोनेसिया र थाइलेण्डलाई भएको थियो । र यसबाट कैयौं राष्ट्र प्रभावित भएका थिए जसमध्ये श्रीलंका, भारत, मालद्वीप मलेशिया, इन्डोनेसिया, पाकिस्तान ... आदि प्रमुख हुन् । ( जिलजाल सुनामी कुरा जालत, वउमम बादत लेखकः रेजा अहमद समदी )

त यो भूकम्प चाहे सुख्खा ठाउँमा (थलमा) आओस् वा जलमा हाम्रो लागि विनाशक नै सिद्ध हुन्छ, र यो युगौं युगौंदेखि हामीमाथि अवतरित हुँदै आएको छ ।

र हालै यसै सप्ताहमा अर्थता २६ र २७ अक्टुबर २०१५ ई को दिन पनि पाकिस्तान अफगानिस्तान र भारत एवं नेपालमा श्रृंख्लाबद्ध तरिकाले अति शक्तिशाली भुकम्प आएको छ ।

तर के कसैले यसकुरामा विचार गऱ्यो कि यो भूकम्प के हो र किन आउँछ ?

त यस भूकम्प जस्तै जति आपत विपत्तिहरू छन् सबै महान अल्लाहका सेनाहरू मध्येका हुन् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿وَمَا يَعۡلَمُ جُنُودَ رَبِّكَ إِلَّا هُوَۚ﴾ المدثر: ٣١

अर्थ : तिम्रो पालनकर्ताका सेनाहरूलाई उस बाहेक कोही जान्दैन । ( सूरतुल् मुद्दस्सिर ३१ )

र अल्लाह भूकम्प आदिलाई मानवगणलाई सावधान गर्नुको लागि पठाउँछ । अल्लाहको फर्मान छ :

﴿ وَمَا مَنَعَنَآ أَن نُّرۡسِلَ بِٱلۡأٓيَٰتِ إِلَّآ أَن كَذَّبَ بِهَا ٱلۡأَوَّلُونَۚ وَءَاتَيۡنَا ثَمُودَ ٱلنَّاقَةَ مُبۡصِرَةٗ فَظَلَمُواْ بِهَاۚ وَمَا نُرۡسِلُ بِٱلۡأٓيَٰتِ إِلَّا تَخۡوِيفٗا ٥٩ ﴾

الإسراء: ٥٩

अर्थ : हामीले निशानीहरू (वा चमत्कार) पठाउन यस कारणले बन्द गरिदियौं कि पहिलेका मानिसहरू तिनलाई झूठा भन्ने गर्थे । र हामीले समूदलाई चमत्कारको रूपमा ऊँटनी प्रदान गर्‍यौं तर तिनीहरूले त्यसमाथि अत्याचार गरे । र हामीले मानिसहरूलाई डराउनका लागि निशानीहरू पठाउने गर्दछौं । ( सूरतुल् इस्रा ५९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ قُلۡ هُوَ ٱلۡقَادِرُ عَلَىٰٓ أَن يَبۡعَثَ عَلَيۡكُمۡ عَذَابٗا مِّن فَوۡقِكُمۡ أَوۡ مِن تَحۡتِ أَرۡجُلِكُمۡ أَوۡ يَلۡبِسَكُمۡ شِيَعٗا وَيُذِيقَ بَعۡضَكُم بَأۡسَ بَعۡضٍۗ ٱنظُرۡ كَيۡفَ نُصَرِّفُ ٱلۡأٓيَٰتِ لَعَلَّهُمۡ يَفۡقَهُونَ ٦٥ ﴾ الأنعام: ٦٥

अर्थ : तपाई भन्नुस् कि तिमीमाथि तिम्रा माथिबाट वा खुट्टा मुनिबाट कुनै सजाय पठाउन ऊ सूक्ष्म छ । अथवा तिमीहरूलाई विभिन्न समूहमा विभाजित गरी झगडा गराइहालोस् र तिम्रा आपसको भिडन्तको स्वाद चखाइहालोस् । हेर्नुस् हामीले आफ्ना आयतहरूलाई कुन-कुन तरिकाले वर्णन गर्दछौं ताकि यिनीहरू बुझ्न सकुन् । ( सूरतुल् अन्आम ६५ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ أَفَأَمِنَ ٱلَّذِينَ مَكَرُواْ ٱلسَّيِّـَٔاتِ أَن يَخۡسِفَ ٱللَّهُ بِهِمُ ٱلۡأَرۡضَ أَوۡ يَأۡتِيَهُمُ ٱلۡعَذَابُ مِنۡ حَيۡثُ لَا يَشۡعُرُونَ ٤٥ ﴾ النحل: ٤٥

अर्थ : के तिनीहरू जसले कि अत्यन्त नराम्रा षडयन्त्र गर्दछन्, यसबाट आफूलाई सुरक्षित ठान्दछन् कि अल्लाहले पृथ्वीमा उनीहरूलाई धंसाई हालोस् अथवा उनीतर्फ यस्तो ठाउँबाट सजाय आइपुगोस् जसबारे उनलाई अनुमान पनि नहोस् । (सूरतुन्नहल ४५)

त भूकम्प सुनामी हुरीबतास चट्याङ्ग आदि र यसखालका भयंकर आपत विपत्ति यस कारण आउँछन् कि हामीहरूको समाजमा बुराई आफ्नो चर्मसीमासम्म पुगिसकेको हुन्छ, जसरी चोरी, मदिरा सेवन, नाचगान, बेइमानी, विश्वासघात, व्यभिचार ... आदि जस्ता पापी र दोषी कार्यहरू र गतिविधिहरू जब हाम्रा समाज र देशमा फैलिन्छन् त अल्लाहको प्रकोप कहिले भूकम्पको रूपमा आउँछ त कहिले हुरीबतासको रूपमा त कहिले कुनै अरु रूपमा आउँछ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَقَٰرُونَ وَفِرۡعَوۡنَ وَهَٰمَٰنَۖ وَلَقَدۡ جَآءَهُم مُّوسَىٰ بِٱلۡبَيِّنَٰتِ فَٱسۡتَكۡبَرُواْ فِي ٱلۡأَرۡضِ وَمَا كَانُواْ سَٰبِقِينَ ٣٩ فَكُلًّا أَخَذۡنَا بِذَنۢبِهِۦۖ فَمِنۡهُم مَّنۡ أَرۡسَلۡنَا عَلَيۡهِ حَاصِبٗا وَمِنۡهُم مَّنۡ أَخَذَتۡهُ ٱلصَّيۡحَةُ وَمِنۡهُم مَّنۡ خَسَفۡنَا بِهِ ٱلۡأَرۡضَ وَمِنۡهُم مَّنۡ أَغۡرَقۡنَاۚ وَمَا كَانَ ٱللَّهُ لِيَظۡلِمَهُمۡ وَلَٰكِن كَانُوٓاْ أَنفُسَهُمۡ يَظۡلِمُونَ ٤٠ ﴾ العنكبوت: ٣٩ - ٤٠

अर्थ : र "कारून" र फ़िरऔंन" र "हामानलाई" पनि (नष्ट गरिदियौं) र उनको पासमा "मूसा (अलैहिस्सलाम)" स्पष्ट चमत्कारहरू लिएर आएका थिए, तैपनि उनीहरू धरतीमा घमण्ड गर्न थाले, र उनीहरू (हाम्रा) नियन्त्रणबाट निस्कन सक्नेवाला थिएनन् । अन्ततः हामीले सबैलाई उनीहरूको अपराधको अधिकताको कारण समातिहाल्यौं, अनि उनीहरू मध्ये केही (कौमेआद) माथि हामीले ढुङ्गा बर्साउने वायु पठायौं, र केही यस्ता थिए (समूद) जसलाई भयङ्कर आवाजले आइसमात्यो र ती मध्ये केही (कारून) लाई हामीले धरतीमा पुरिदियौं र

केही यस्ता थिए (फिरऔन) जसलाई हामीले डुबाइदियौं। अल्लाह यस्तो छैन कि उनीहरूमाथि अत्याचार गरोस्, किन्तु उनीहरूले आफु स्वयंमाथि नै अत्याचार गर्दथे। ( सूरतुल् अन्कबूत ३९,४० )

र हदीसमा वर्णित छ कि यसका निम्न कारणहरू छन् : “ जब माले भय ( जुन माल बिना युद्ध प्राप्त हुन्छ ) त्यसलाई खाइदिइन्छ, र नासोमा राखिएको माल पनि खाइदिन्छ, र जकातलाई भारी बुझिन्छ, र विद्याको प्राप्तिको उद्देश्य संसारिक स्वार्थता  भइहाल्छ, र मान्छे आफ्नो आमाको अवज्ञा गर्छ, र आफ्नो साथीहरूलाई आफ्नो सामिप्यता प्रदान गर्दछ, र आफ्नो बुवालाई आफूभन्दा दूर गरिदिन्छ (अर्थात त्यसको अवज्ञा गर्छ) र मस्जिदमा ठूलो स्वरमा कुरा गर्न थालिन्छ, र गोत्रहरूको अगुवा पापीहरू भइहाल्छन्, र सम्प्रदायका नेता घृणितहरू भइहाल्छन्, र मान्छेलाई त्यसको बुराईबाट सुरक्षित रहनुको कारणले प्रतिष्ठा दिइन्छ, र वेश्यावृत्ति र गीतसंगीत सामान्य कुरो भइहाल्छ, र मदिरा सेवन गरिन्छ, र यस उम्मतको अन्तिम युगका मान्छेहरू पहिलाका मान्छेहरूलाई अभिशप्त गर्न थाल्छन् त तिमीहरू प्रतिक्षा गरिराख तीव्र हुरी र भूकम्प र पृथ्वी धस्नुको र अनुहार विगार्नुको र ढुंगा अवतरित हुनुको र यस जस्तै अरु प्रकोपहरूको उस्तै जस्तोकि मोतीको हारको धागा भाँचेको अवस्थामा मोती एक पछि आर्को झरिन्छ ”। ( तिर्मिजी )

र बुखारीको हदीसमा छ कि अबू हुरैरह वर्णन गर्दछन् : “ प्रलय तबसम्म घटित हुदैन जबसम्म विद्या उठाइदैन र समय छिट्टै बित्दैन र अधिक मात्रामा भूकम्प आउँदैन र उपद्रव बढ्दैन र हत्या हिंसा अत्याधिक हुँदैन ”। ( बुखारी )

त प्रष्ट यो भयो कि यी विपदाहरू हाम्रै दुष्कर्महरू र पापहरूका परिणाम हुन् जसको कारण अल्लाह क्रोधित हुन्छन्, अनि हामीमाथि आफ्नो प्रकोप अवतरित गरिदिन्छन्। जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَإِذَآ أَرَدۡنَآ أَن نُّهۡلِكَ قَرۡيَةً أَمَرۡنَا مُتۡرَفِيهَا فَفَسَقُواْ فِيهَا فَحَقَّ عَلَيۡهَا ٱلۡقَوۡلُ فَدَمَّرۡنَٰهَا تَدۡمِيرٗا ١٦ ﴾ الإسراء: ١٦

अर्थ : र जब हाम्रो इच्छा कुनै बस्तीलाई ध्वस्त पार्ने हुन्छ भने त्यहाँका सम्पन्न मानिसहरूलाई, केही आदेश दिन्छौं र तिनीहरूले त्यस बस्तीमा उल्लंघनकारी काम गर्न थाल्छन् अनि तिनीहरूमाथि सजायको कुरा प्रमाणित भइहाल्छ फेरि हामीले उनीहरूलाई नष्ट गरिहाल्छौं । ( सूरतुल् इस्रा १६ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ظَهَرَ ٱلْفَسَادُ فِى ٱلْبَرِّ وَٱلْبَحْرِ بِمَا كَسَبَتْ أَيْدِى ٱلنَّاسِ لِيُذِيقَهُم بَعْضَ ٱلَّذِى عَمِلُوا۟ لَعَلَّهُمْ يَرْجِعُونَ ﴿٤١﴾ ﴾ الروم: ٤١

अर्थ : थल, र जलमा मानिसहरूका गलत क्रियाकलापले गर्दा दंगा फैलिसक्यो ताकि अल्लाहले उनीहरूलाई उनीहरूको करतूतहरूको केहि स्वाद चखाओस् । कदाचित तिनीहरू नराम्रो कामबाट रोकिऊन् । ( सूरतुर्रूम ४१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَمَآ أَصَٰبَكُم مِّن مُّصِيبَةٍ فَبِمَا كَسَبَتْ أَيْدِيكُمْ وَيَعْفُوا۟ عَن كَثِيرٍ ﴿٣٠﴾ ﴾ الشورى: ٣٠

अर्थ : र जुन मुसिबत (कष्ट) तिमीलाई पुग्दछ, त्यो तिम्रो आफ्नै हातको कमाई हो र उसले धेरै (पापहरू) माफ गरिदिन्छ । ( सूरतुश्शूरा ३० )

र हदीसमा छ कि उम्मे सल्मा रजिअल्लाहो अन्हा वर्णन गर्छिन् कि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनें कि : " जब मेरा अनुयायीहरू पाप गर्न थाल्दछन् त अल्लाह उनीहरूमाथि प्रकोप अवतरित गरिदिन्छ, त मैले सोधें हे अल्लाहका रसूल के त्यस समय तिनीहरूमा कुनै सत्कर्मी हुँदैन ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: किन हुँदैन, अवश्य हुन्छ, त उनले प्रश्न गरिन् फेरि उनीहरूसित के गरिन्छ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तिनीहरूलाई पनि त्यही लाग्ने छ जुन त्यस समूहलाई लाग्छ (

अर्थात प्रकोप उनीहरूमाथि पनि अवतरित हुनेछ) " । ( अहमद, ६/३०४ )

त यो भूकम्प पनि अल्लाहको प्रकोपमध्ये एउटा प्रकोप हो जुन हाम्रो कुकर्मको कारण हामीमाथि अवतरित हुन्छ जसलाई अल्लाह यस कारण पठाउँछ ताकि हामी आफ्नो कुकर्मबाट तौबा र प्रयाश्चित गरौं, र कुबाटोलाई छाडि सुमार्गलाई आफ्नो पथ बनाऔं, र गरिब गुरबामाथि दया गरौं दान गरौं र त्यसबाट चेतना ग्रहण गरौं । जस्तो कि अल्लाहको फर्मान छ :

﴿ قُلْ يَٰعِبَادِيَ ٱلَّذِينَ أَسْرَفُواْ عَلَىٰٓ أَنفُسِهِمْ لَا تَقْنَطُواْ مِن رَّحْمَةِ ٱللَّهِۚ
إِنَّ ٱللَّهَ يَغْفِرُ ٱلذُّنُوبَ جَمِيعًاۚ إِنَّهُۥ هُوَ ٱلْغَفُورُ ٱلرَّحِيمُ ٥٣ وَأَنِيبُوٓاْ إِلَىٰ
رَبِّكُمْ وَأَسْلِمُواْ لَهُۥ مِن قَبْلِ أَن يَأْتِيَكُمُ ٱلْعَذَابُ ثُمَّ لَا تُنصَرُونَ ٥٤
وَٱتَّبِعُوٓاْ أَحْسَنَ مَآ أُنزِلَ إِلَيْكُم مِّن رَّبِّكُم مِّن قَبْلِ أَن يَأْتِيَكُمُ
ٱلْعَذَابُ بَغْتَةً وَأَنتُمْ لَا تَشْعُرُونَ ٥٥ أَن تَقُولَ نَفْسٌ يَٰحَسْرَتَىٰ عَلَىٰ مَا
فَرَّطتُ فِي جَنۢبِ ٱللَّهِ وَإِن كُنتُ لَمِنَ ٱلسَّٰخِرِينَ ٥٦ أَوْ تَقُولَ لَوْ أَنَّ ٱللَّهَ
هَدَىٰنِي لَكُنتُ مِنَ ٱلْمُتَّقِينَ ٥٧ أَوْ تَقُولَ حِينَ تَرَى ٱلْعَذَابَ لَوْ أَنَّ
لِي كَرَّةً فَأَكُونَ مِنَ ٱلْمُحْسِنِينَ ٥٨ بَلَىٰ قَدْ جَآءَتْكَ ءَايَٰتِي
فَكَذَّبْتَ بِهَا وَٱسْتَكْبَرْتَ وَكُنتَ مِنَ ٱلْكَٰفِرِينَ ٥٩ وَيَوْمَ ٱلْقِيَٰمَةِ
تَرَى ٱلَّذِينَ كَذَبُواْ عَلَى ٱللَّهِ وُجُوهُهُم مُّسْوَدَّةٌۚ أَلَيْسَ فِي جَهَنَّمَ مَثْوًى
لِّلْمُتَكَبِّرِينَ ٦٠ وَيُنَجِّي ٱللَّهُ ٱلَّذِينَ ٱتَّقَوْاْ بِمَفَازَتِهِمْ لَا يَمَسُّهُمُ ٱلسُّوٓءُ

وَلَا هُمْ يَحْزَنُونَ ﴿٦١﴾ ٱللَّهُ خَٰلِقُ كُلِّ شَيْءٍۖ وَهُوَ عَلَىٰ كُلِّ شَيْءٍ وَكِيلٌ ﴿٦٢﴾ ﴿الزمر: ٥٣ - ٦٢﴾

अर्थ : मेरो तर्फबाट भन्नुस् कि "हे मेरा भक्तहरू ! जसले आफूमाथि नै अतिक्रमण गरेका छन्, तिमी अल्लाहको दयाबाट निराश नहोऊ । निःसन्देह अल्लाहले सारा पापहरूलाई क्षमा गरिदिन्छ । निश्चय नै ऊ बडो क्षमाशील र अत्यन्त दयावान् छ । यसभन्दा पहिला कि तिमीलाई यातना आओस्, आफ्नो पालनकर्तातिर प्रवृत्त होऊ र उसको आज्ञाकारी भइहाल । त्यस यातना आएपछि तिम्रो सहायता गरिने छैन । र यसभन्दा पहिला कि तिमीमाथि एक्कासी यातना आओस् र तिमीलाई थाहा पनि नरहोस्, त्यस सर्वोत्तम कुराको अनुशरण गर जुन कि तिम्रो पालनकर्ताको तर्फबाट तिम्रो लागि अवतरित भएको छ । कहीं यस्तो नहोस्, कि कुनै व्यक्तिले भन्न थालोस् : "हाय अफसोच ! त्यसमाथि जुन बे-वास्ता मैले अल्लाह प्रति गरें र म त उपहास गर्नेहरूमा नै शम्मिलित रहेँ, वा यो भन्न थालोस् कि, "यदि अल्लाहले मलाई मार्गदर्शन गरेको भए म पनि डर मान्नेहरूमध्येको हुने थिएँ ।" वा यातना देखेर यो भन्न थालोस्: कि "यदि फेरि एकपटक संसारमा मैले जान पाएको भने म असल मानिसहरूमध्येको हुने थिएँ" । (अल्लाहको आदेश हुनेछ), "निःसंदेह मेरा आयतहरू तिम्रो सामु आइपुगेका थिए, जसलाई तिमीले झूठा भन्यौ र घमण्ड गऱ्यौ र इन्कार गर्नेहरूमा शम्मिलित भयौ । जसले अल्लाहको बारेमा झूठा कुरा गरेका छन् तपाईंले देख्नु हुनेछ कि कयामतको दिन उनका अनुहारहरू काला भइसकेका हुनेछन् । के अहंकारीहरूको बासस्थान नरक होइन ? र जसले संयम गरेका छन्, उनीहरूलाई अल्लाहले उनीहरूको सफलताका साथ मुक्ति प्रदान गर्नेछ । उनीहरूलाई न कुनै अनिष्टले छुन सक्नेछ र नत उनीहरू कुनै प्रकारले शोकाकुल हुनेछन् । अल्लाह हरेक कुराको स्रष्टा हो र उही नै हरेक कुराको संरक्षक हो । ( सूरतुज्जुमर ५३-६२ )

﴿ وَلَقَدۡ أَرۡسَلۡنَآ إِلَىٰٓ أُمَمٖ مِّن قَبۡلِكَ فَأَخَذۡنَٰهُم بِٱلۡبَأۡسَآءِ وَٱلضَّرَّآءِ لَعَلَّهُمۡ يَتَضَرَّعُونَ ٤٢ ﴾ الأنعام: ٤٢

अर्थ : र हामीले तिमीभन्दा अगाडि धेरै समुदायहरू तिर पैगम्बरहरू (सन्देष्टाहरु) पठाएका थिएँ अनि हामीले तिनीहरूलाई दुःख र कष्टमा पारेका थिएँ कि तिनीहरू विनम्र भई विन्ती गरुन् । ( सूरतुल् अन्आम ४२ )

र हदीसमा छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : " दया गर्नेहरूमाथि परम् दयालु दया गर्छ, तिमीहरू उनीमाथि दया गर जुन पृथ्वीमाथि छन् तिमीमाथि त्यो दया गर्नेछ जुन आकाशमा छ "। ( बुखारी फिल् अदबिल् मुफ्रद, अबू दाऊद, तिर्मिजी )

# समाप्ति

त हे भाइ आफूलाई निद्राबाट जगाऊ, र सबै समक्ष इस्लामका शाश्वत निर्देशनहरूलाई राख, र कुकर्मबाट रोक, किनकि यसैमा त्यो शान्ति नीहित छ जसलाई पूर्ण संसार खोजिरहेको छ र जसको प्रतिक्षामा सबै बसेका छन् । समस्त संसारको यो नै चाहना छ कि शान्ति खुशीको साथ अआफ्ना जीवन व्यतीत गरुन् तर उनीहरूलाई इस्लामको बारेमा सत्य ज्ञान छैन तपाईहरूलाई अल्लाहले मध्यमार्गी समूह र सन्देष्टाहरूको उत्तराधिकारी बनाएको छ, यसर्थ आफ्नो दायित्वलाई बुझ र इस्लामलाई संसारका प्रत्येक जीवधारीसम्म र समस्त कुनाकाप्चा सम्म पुऱ्याउने प्रण गर, र समस्तलाई अल्लाहका प्रकोपहरूबाट खबरदार गर । यदि तिमीले यस्तो गरेनौ भने तिमीबाट प्रलयको दिन सोधपूछ अवश्य हुनेछ । तसर्थ परिणामको प्रतिक्षा नगर, कोही तिम्रो आमन्त्रणलाई स्वीकार गर्छ वा गर्दैन यसकुरामा ध्यान नदेऊ यो तिम्रो कार्य होइन नत तिम्रो दयित्वको सीमामा आउँछ, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّكَ لَا تَهۡدِي مَنۡ أَحۡبَبۡتَ وَلَٰكِنَّ ٱللَّهَ يَهۡدِي مَن يَشَآءُۚ وَهُوَ أَعۡلَمُ بِٱلۡمُهۡتَدِينَ ٥٦ ﴾ القصص: ٥٦

अर्थ : (हे मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम !) तपाई आफूले चाहेको व्यक्तिलाई मार्गदर्शन गर्न सक्दैनौ तर अल्लाहले जसलाई चाहन्छ, मार्गदर्शन गर्दछ, र उसले मार्गदर्शन पाउनेहरूलाई राम्ररी जान्दछ । ( सूरतुल् कसस ५६ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ۞ لَّيۡسَ عَلَيۡكَ هُدَىٰهُمۡ وَلَٰكِنَّ ٱللَّهَ يَهۡدِي مَن يَشَآءُۗ وَمَا تُنفِقُواْ مِنۡ خَيۡرٖ فَلِأَنفُسِكُمۡۚ وَمَا تُنفِقُونَ إِلَّا ٱبۡتِغَآءَ وَجۡهِ ٱللَّهِۚ

وَمَا تُنفِقُواْ مِنْ خَيْرٍ يُوَفَّ إِلَيْكُمْ وَأَنتُمْ لَا تُظْلَمُونَ ﴿٢٧٢﴾ البقرة: ٢٧٢

अर्थ : तिमी तिनीहरूको मार्गनिर्देशनको लागि जिम्मेवार छैनौ, बरु अल्लाहले नै जसलाई चाहन्छ, मार्गदर्शन गर्दछ । र तिमीले जुन असल माल खर्च गर्नेछौ, त्यसको फाइदा तिमीलाई नै हुनेछ । र तिमीले अल्लाहको सदिच्छा हासिल गर्न मात्र खर्च गर्नुपर्दछ । तिमीले जेजति खर्च गर्छौ, त्यसको पूरा प्रतिफल तिमीलाई दिइनेछ र तिम्रो कुनै प्रकारको हक मारिने छैन । ( सूरतुल् बकर: २७२ )

यो त अल्लाहको कार्य हो जसलाई चाहन्छ सुमार्गी बनाइदिन्छ र जसलाई चाहन्छ दिग्भ्रान्त गरिदिन्छ ।

त तिम्रो कर्तव्य केवल यति हो कि सबैसम्म यो धर्म र सत्यमार्ग पुऱ्याइ देऊ अनि तिम्रो कर्तव्य पूर्ण भयो, अब सुन्नेहरूको कर्तव्य हो कि सत्यलाई स्वीकार गरुन् वा अस्वीकृत गरुन् ।

हे भाइ ! यादराख कि समस्त मान्छेहरू अआफ्ना छाती भित्र हृदय नै राख्दछन्, र सबै तिमी जस्तै राम्रो र स्वच्छ कुरालाई नै मनपराउँछन् तर कतिपय हवसपूर्तिको कारण अटेरी गर्छन् त कतिपय वासना पूर्तिको कारण, यसर्थ उनीहरूको कार्य र दर्पणलाई नहेर उनीहरूको हृदयहरूलाई हेर जुन सत्यलाई प्रकृतिकतौरले अवश्य स्वीकार्दछन् । तसर्थ अल्लाहले चाहेमा तिम्रो जीवनकालमा नै कतिपय मान्छेहरू तिम्रो प्रयासको कारण सुमार्गी भइहाल्ने छन् र अल्लाहका प्रकोपहरूबाट सुरक्षित भइहाल्ने छन्,र तिमीलाई दुआ र अशीष दिनेछन् ।

त हे भाइ ! प्रकोप आउनुको कारण कुकर्म हुन् सबैलाई कुकर्मबाट सावधान गरि समस्तलाई अल्लाहको प्रकोपबाट बचाऊ ।

अन्तमा अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई आफ्नो सुमार्गतर्फ आह्वान गर्ने सुअवसर प्रदान गरी सन्देष्टाहरूको सत्य उत्तराधिकारी बनाओस् । र हामीलाई भूकम्प ... आदि भयंकर प्रकोपबाट सुरक्षा प्रदान गरोस् । र हामीलाई कुरआन र हदीसको प्रकाशमा जीवन व्यतीत गर्ने सुअवसर प्रदान गरोस्, र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरोस्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान

गरोस् । र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

**समाप्त**


लेखक

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

**विद्यार्थी एम.ए.: उम्मुल् कुरा विश्वविद्यालय**

**पवित्र मक्का सउदी अरब**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

# विषय सूची


| नम्बर | शीर्षक | पृष्ठ |
|---|---|---|
| 1 | प्रस्तावना | **3** |
| 2 | मूल किताब आरम्भ | **5** |
| 3 | बिसौं शताब्दीका केही प्रमुख भुकम्पहरु | **10** |
| 4 | समाप्ति | **21** |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |